गाउँ सभाका आदारणीय
सम्पूर्ण सम्मानित सदस्य ज्यूहरू,

१ सार्वभौमसत्ता सम्पन्न नेपाली नागरिकको बलिदानीपूर्ण संघर्ष, जनयुद्ध र विभिन्न समयका आन्दोलनहरूबाट प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्ने गरी जननिर्वाचित संविधानसभाबाट घोषणा भएको नेपालको संविधानमा ब्यवस्था भए बमोजिम संघीय शासन प्रणालीबाट गठित स्थानीय सरकारका नागरिकको प्रतिनिधिमूलक यस गरिमामय गाँउ सभामा फोक्सुण्डो गाउँपालिकाको आर्थिक वर्ष ०७९।०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म खुशी ब्यक्त गर्न चाहान्छु । यस अवसरमा लोकतान्त्रिक गणतन्त्र, संघीयता, समावेशिता, सामाजिक न्याय र विभिन्न स्थानीय तथा स्थानीय तह निर्माणका लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात महान शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । यस क्रममा बेपत्ता, घाइते, अपाङ्गता भएका व्यक्ति र आन्दोलनमा स्वाभिमानपूर्वक सहभागी भई योगदान गर्नुहुने व्यक्तित्वहरूको स्मरण गर्दै उहाँहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु । वि.सं. २०७४ सालमा भएको प्रथम स्थानिय तह निर्वाचन मार्फत निर्वाचित भइ यस शे फोक्सुण्डो गाउँपालिकाको सर्वाङ्गिण विकासको मार्ग चित्र प्रदान गर्नुहुने जनप्रिय टिमलाइ हार्दिक धन्यवाद ब्यक्त गर्दछु । उहाँहरुले देखाएको आर्थिक सामाजिक र भौतिक विकासको लक्ष्यहरुलाइ निरन्तरता दिने प्रतिबद्धता ब्यक्त गर्दछु ।

त्यसै गरी शे फोक्सुण्डो गाउँपालिकाले प्रस्तावित नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा मूलतः नेपालको संविधानको अनुसूचि ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकार सूचि, स्थानीय तहको आर्थिक अधिकार, आर्थिक विकास सामाजिक विकास प्राकृतिक श्रोतको उपयोग सम्बन्धी नीतिहरु दिगो विकाससम्बन्धी नीतिहरु प्राकृतिक श्रोत संरक्षणसम्बन्धी नीतिहरु, नेपाल सरकार तथा प्रदेश सरकारले अवलम्बन गरेको आर्थिक सामाजिक तथा वित्तिय नीतिहरु , स्थानीय सरकार सञ्चालन ऐनका प्रावधनहरु जलवायु परिवर्तन, विपद् व्यवस्थापन, बालमैत्री स्थानीय शासन , उर्जासंकट लगायतका अन्तर सम्बन्धित विषयहरु, अर्थ मन्त्रालय, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश मन्त्रालयहरुबाट प्राप्त मार्गदर्शन, सरकारी गैर सरकारी संस्था तथा निकायहरुको प्राप्त विवरण र संघ तथा प्रदेश सरकारले प्रदान गरेको बजेट सिलिङ, सहभागितामुलक योजना तर्जुमा अनुरुप टोल /बस्ती स्तरबाट छनौट गरिएका आयोजना/ कार्यक्रम, वडा स्तरीय आयोजनाहरुको प्राथमिकरण र बजेटसँग सम्बन्धित विभिन्न समितिहरुको प्रतिवेदन समेतको आधार मानी गाँउ कार्यपालिकाको मिति २०७९।०३।०९ बाट स्वीकृत गरी सभामा छलफलका लागि यो गरिमामय सभामा पेश गरेको छु ।

प्राकृतिक सौन्दर्यता, सास्कृतिक विविधता, मेहनती र परिश्रमी जनता, भौगोलिक विकटता भित्रको विशिष्टता र सुन्दरता यस गाँउपालिका र समग्र डोल्पाकै सम्पतिको रुपमा रहेको छ । कृषि तथा बहुमुल्य यार्सागुम्वा , औषधिजन्य जडिबुटीहरु, आन्तरिक तथा बाह्य पर्यटन, जलविद्युत आदि जस्ता विषयमा प्रचुर संभावना बोकेको शे-फोक्सुण्डो गाँउपालिकामा दिगो र समुचित श्रोत परिचालनको अभावमा अपेक्षित रुपमा सामाजिक सास्कृतिक आर्थिक विकास हुन सकेको छैन । यद्यपि उपलब्ध स्रोत, साधन र समयको प्रभावकारी प्रयोग गर्दै सकारात्मक सोंच, दृढ संकल्प र सामुहिक ईच्छाशक्तिका साथ विकसित र समृद्ध शे फोक्सुण्डो गाँउपालिका निर्माणमा लागिपर्नु हामी सबैको दायित्व हो । **गाउँसभाका सदस्य ज्यूहरु,**

चालु आर्थिक वर्षको वजेट, नीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरी संघीयताको नवीन अभ्यासलाई सार्थक बनाउने दिशामा फोक्सुण्डो गाउँपालिकाका सबै संयन्त्रहरू क्रियाशील छन् । स्थानीय सरकार गठन भएको छोटो समयमा पनि हाम्रो अथक प्रयासबाट आर्थिक, सामाजिक र पूर्वाधारका सूचकहरूमा उल्लेखनीय प्रगति हासिल भएको छ । गाउँसभामा प्रस्तुत नीति तथा कार्यक्रमले कोभिड तथा आर्थिक मन्दिले अर्थतन्त्रमा पारेको प्रभावलाई न्यूनीकरण गर्नुका साथै फोक्सुण्डोको राजनीतिक, आर्थिक, सामाजिक लगायतका समग्र शासकीय क्षेत्र

र विकासमा थप सुधार तथा प्रगति हुने विश्वास लिएको छु । सरकारी, निजी, सहकारी, विकास साझेदार लगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थासँगको संयुक्त प्रयास, समन्वय, सहकार्य र साझेदारीबाट प्रस्तुत नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन भई शे फोक्सुण्डो गाउँपालिकाको विकास र समृद्धिमा योगदान पुऱ्याउने अपेक्षा गरेको छु

प्रस्तुत नीति तथा कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयन भई महामारीजन्य प्रकोपको नियन्त्रण गरी फोक्सुण्डो बासीको जीवन रक्षा र यस संकटबाट उत्पन्न हुनसक्ने खाद्य संकटको निवारण र शिथिल बनेको आर्थिक गतिविधिलाई पूनर्जीवन दिन सक्षम हुनेछ भन्ने विश्वास लिँदै सर्वपक्षीय सहयोगका लागि अपील गर्दछु ।

**सम्मानित गाउँसभाका सदस्यज्यूहरु,**

अब म यस गरिमामय गाउँसभा समक्ष फोक्सुण्डो गाउँपालिकाले आ व २०७९।०८० को लागि नीति तथा कार्यक्रम पेश गर्न अनुमति चाहन्छु ।

**मूल भूत नीति तथा कार्यक्रमः**

१ स्थानीय तहको शासन संचालन गर्न अत्यावश्यक कानूनहरु तर्जुमा भैसकेको र ति कानूनहरु समयानुसार परिमार्जित गर्दै बाँकी कानूनहरु तर्जुमा गरी कानूनहरु सम्मानीत गाउँसभाबाट पारित गराइ आम नागरिकलाइ गाउँ सरकारको उपस्थितिको आभाष गराईनेछ।

२ रचनात्मक तथा सकारात्मक सोचका साथ उन्नति, प्रगति, समृद्धि एवं विकासको दूरदृष्टी तय गरी योजनाबद्ध तरिकाले अगाडि बढ्न गाउँपालिकाको प्रोफाइल, मध्यमकालिन खर्च संरचना र गाउँपालिकाको आवधिक योजना तयार गरी सोही अनुसार योजना सञ्चालन गरिनेछ।

३ समृद्ध गाउँपालिका निर्माणका लागी सार्वजनिक निजी र सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी बनाईनेछ। गाउँपालिका भित्र १ वडा एक सहकारी\\ तथा महिला सहकारी संस्था गठन गरी आय व्ययका क्रियाकलाप सन्चालनका लागि प्रोत्साहन गरिनेछ ।

४. बजेट विनियोजन गर्दा संविधानले निर्दिष्ट गरेको लक्ष्य आम जनसमुदायको चाहना अपेक्षा एवं आवश्यकतालाई दृष्टीगत गरी कार्यक्रम तय गरिनेछ ।

५. कृषि तथा पशुपालन व्यवसायलाई गाउँपालिकाको उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ । साथै पशुपालन व्यवसायलाई आर्थिक उत्पादकत्व सँग आवद्ध गरी गुणस्तरीय उत्पादन र बेचबिखन गर्न आवश्यक प्रबन्ध मिलाईनेछ।

६. विकासका कार्यहरुलाइ परिणाममुखि बनाउन नतिजामा अधारित (Result Oriented) विकास गर्ने परिपाटी अवलम्वन गरिनेछ ।

७. जडिबटुी र फलफूलको उत्पादन तथा बेचनबखनको सम्भाव्यतालाइ हृदयङ्गम गर्दै नर्सरीको स्थापना तथा बजारीकरण गर्न विशेष पहल गरिनेछ।

८. गाउँपालिकामा निर्माण हुने भौतिक पूर्वधारहरुलाइ गणुस्तर र प्रभावकारी बनाउन प्राविधिक

रुपमा पुर्व सम्भाव्यता अध्ययन नीति अवलम्बन गर्दै आएकोमा यसलाई निरन्तरता दिईनेछ ।

९. गाउँपालिकामा रहेका प्राकृतिक श्रोत, जडीबटुी, लोपोन्मुख बन्यजन्तु लगायतको संरक्षण सम्वर्द्ध उपयोग गर्न आवश्यक योजना तयार गरी सम्बन्धित निकायहरु संग समन्वय गरी अगाडी बढाइनेछ ।

१०. सामाजिक सुरक्षा कार्यक्रम तर्फ बाल अनदुान, असाहाय विधवा महिला, अपाङ्गता, ज्येष्ठ नागरिकहरुको भत्ता वितरण कार्यमा उपयोग गरिएको बैङ्किङ लाइ निरन्तरता दिइनेछ ।

११. गाउँपालिकालाइ वातावरणमैत्री, बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिक हिंसा मुक्त बनाईने नीति अवलम्बन गरिनेछ ।

१२. गाउँपालिका भित्र संचालित योजना तथा कार्यक्रमहरुको संयक्तु अनगुमन टोली (Joint Monitoring Team) गठन गरी सपुरीवेक्षण, अनगुमन तथा मूल्याङ्कनलाई अझ प्रभावकारी रुपमा लागूगरिनेछ ।

१३. सेवाग्राहीहरुको गनुासो तथा उजुरी सुनुवाइकालागी गाउँपालिका तथा अन्तरगतका सम्पुर्ण सरकारी कार्यालयहरुमा उजुरी पेटीकाको व्यवस्था गरिनेछ ।

१४. पारदर्शिता, जवाफदेहिता, इमान्दारिता, कर्तव्य निष्ठताका साथ सेवा प्रवाहलाइ सुशासनमैत्री, नागरिकमैत्री, भ्रष्टाचार मक्तु बनाइनेछ । साथै गाउँ पालिकाको आन्तरिक नियन्त्र प्रणालिलाइ सक्रियताका साथ कार्यान्वयन गरिनेछ।

१५. प्रशासनिक काम कारबाहीलाई सरल, चुस्त, प्रभावकारी बनाउन निर्णय गर्ने तहलाइ घटाइनेछ । लामो र झन्झटिलो निर्णय प्रकृयालाइ घटाउँदै एकद्वार सेवा प्रवाह प्रणाली) One Door System) अपनाइनेछ ।

१६. गाउँपालिकाको दिर्घकालिन विकासको मार्ग चित्र स्पस्ट गर्दै वार्षिक योजना तथा कार्यक्रम सञ्चालन गर्नका लागि गाउँपालिका स्तरीय आवधिक योजना (Rural Municipality Periodic Plan) तथा मध्यमकालिन खर्च संरचना ( mid term expenditure framework) तयार गरी सिघ्र कार्यान्वयनमा ल्याइने छ ।

१७. सरकारी गैह्रसरकारी तथा अन्य सामाजिक संघ संस्था संचालन कार्यविधि तयार गरी कार्यक्रममा दोहोरोपना नहुने गरी गाउँ सभा वा गाउँकार्यपालिका वाट कार्यक्रम स्विकृत गरी सन्चालन गर्ने व्यवस्था मिलाइने छ ।

१८. यस गाउँपालिका भित्र छरिएर रहेका साना, ठूला व्यवसायी, सहकारी, संघ संस्था, विभिन्न कृषि समूह महिला समहु, आमा समूह, क्लबहरुलाइ सूचीकृत गरी आवश्यक अनगुमन, मूल्याङ्कन तथा सपुरीवेक्षण गर्न आवश्यक व्यावस्था मिलाइने छ।

१९. फोक्सुण्डो गाउँपालिका क्षेत्रमा रहेका निरक्षर व्यक्तीहरुको तथ्याङक संकलन गरी निरक्षरता उन्मुलनका लागि साक्षारता शिक्षाका कार्यक्रम सन्चालन गरीने छ ।

फोक्सुण्डो गाउँपालिका

२०. गाउँपालिकाका सबै घरपरिवारमा आधारभुत स्तरको खानेपानी तथा सरसफाइ सुविधा उपलब्ध गराउन एक घर एक धाराको नीतिलाई क्रमस अवलम्वन गरीनेछ ।

२१. फोक्सुण्डो साल्दाङ र भिजेर क्रमस उच्च मा वि र मा वि तहको पठनपाठन हुने गरी आवासिय विद्यालय सन्चालनका लागी आवश्यक पहल गरिने छ साथै स्थानिय भाषाको पाठ्यक्र निर्मा० गरी कम्तीमा कक्ष ३ सम्म स्थानिय भाषामा पठनपाठनको व्यवस्था गर्न आवश्यक पहल गरीनेछ ।

२२. यस क्षेत्रको स्थानीय पूर्वाधारको दिगो सञ्चालन स्थानीय पूर्वाधार मर्मत , संस्थागत क्षमता अभिवृद्धि तथा प्रणाली सुधारका लागि स्थानीय पूर्वाधार सहयोग कार्यक्रम(कर्णाली पाइलट कार्यक्रम) छनौट भएकोमा विश्व खाद्य कार्यक्रम संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय एवम कर्णाली प्रदेश सरकारलाइ विशेष धन्यवाद दिदै कर्णाली पाइलट कार्यक्रमको नीति मापदण्ड कार्यविधि तथा स्थानीय कानून कार्यविधि बमोजिम स्थानीय पुर्वाधार विकास संस्थागत क्षमता अभिवृद्धि जलवायु उत्थानशीलता श्रममा आधारित र उत्पादनशिल स्थानीय पूर्वाधार योजना स्थानीय आवश्यकतामा आधारित आर्थिक सामाजिक रुपले सिमान्तकृत वर्गको उत्थानका लागि साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ ।

## २. क्षेत्रगत नीति तथा कार्यक्रम

### क आर्थिक विकासः

### १ कृषि तथा पशु विकासः

- दिगो कृषि विकास, जैविक विविधता प्राकुतिक श्रोत तथा वातावरण संरक्षण विच संन्तुलन कायम राख्ने नीति लिइने छ ।
- कृषक समुह, सहकारी, सरकारी तथा गैरसरकारी संस्था र स्थानीय तहहरुको साझेदारीमा कृषि कार्यक्रमहरुको सञ्चालन गर्ने नीति अवलम्वन गरिने छ ।
- खाद्यान्न उत्पादनलाइ प्रोत्साहन गर्न सिमी, फापर, आलु उत्पादन पकेट क्षेत्र निर्धारण गरी उत्पादकत्व बृद्धि गर्न व्यावसायिक किसानहरुलाइ प्रोत्साहन गरिनेछ ।
- जलवायु परिवर्तन , रोग प्रकोप एवं प्राकृतिक विपद् बाट कृषि क्षेत्र लगायत मानवीय जोखिमलाइ न्यनुनकरण गरिनेछ । पशुवस्तु तथा वाली विमा विस्तारमा जोड दिइनेछ ।
- स्थानीय उत्पादनवृद्धि रोजगारी सिर्जना गरीवी न्यनूनकरण गर्न सहकारी क्षेत्रको प्रवर्द्धनमा जोड दिइनेछ । उद्देश्य र कार्यक्रम विश्लेषणका अधारमा सहकारी संस्थाहरुलाइ एक आपसमा गाभिन प्रोत्साहन गरिनेछ ।
- पशु तथा पशुजन्य जन्य उद्यम व्याबसायलाइ रोजगारीको मुख्य क्षेत्रको रुपमा विकास गरिनेछ ।
- कृषि तथा पशुजन्य उत्पादनको प्रशोधनमा उपलब्ध गराई सहुलियत र प्राविधिक सेवाको

प्रवन्ध गर्न हरेक किसानलाइ स्थानीय तह मार्फत सचूीकरण गर्ने कार्यको थालनी गरिनेछ ।

- वास्तविक कृषकलाइ सरल ढंगले उत्पादनमा अनुदान उपलब्धगराइने नीति लिइने छ ।
- उच्च मूल्यका कृषि वस्तु सिमी, ओखर, व्याबसायीक उत्पादन गर्न, कृषकहरुलाइ प्रोत्साहन गरिनेछ
- विरुवा, विउ, कृषिउपकरण लगायतका आधारभतू कृषि सामग्री समयमै उपलब्धता सुनिश्चित गरिनेछ ।
- कृषि उत्पादन वृद्धि गर्न साना सिचाई कार्यक्रम सञ्चालन गरी सिंचित भुमिमा उत्पादनमुखी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- परम्परागत मौलिक बालीको विकासमा प्रोत्साहन र अर्गानिक कृषि उत्पादन र कृषि उपजको बजारीकरणमा सहयोग गरिने छ
- बाझो जमिन प्रयोजनको लागी एक गाउँ एक उत्पादन कार्यक्रम संचालन गरिनेछ
- कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि विकसित प्रविधिहरुको प्रचार प्रसार र प्राविधिक सेवा सर्वसुलभ रुपमा प्रदान गर्न गाउँपालिका सबै सेवा केन्द्रमा विभिन्न स्तरका व्यावसायिक विषयमा तालिम सञ्चालन गरी कृषकलाई सक्षम गराइने छ ।
- कृषिमा व्यावसायिकरण, विविधिकरण गरी उत्पादित वस्तुहरुको बजारिकरण र सामाजिक सम्मानको वातावरणको सिर्जना गरिने छ ।
- हिमाली उच्च समस्थलीहरुमा स्थानीय स्तरको कृषि उत्पादनको लागि माटो परिक्षण लगायत स्थलगत अध्ययन गरिने छ ।
- व्यावसायिक कृषकहरुलाई उत्प्रेरित गर्न उत्कृष्ट कृषकलाई पुरस्कृत गर्ने कार्यमा जोड दिइने छ ।
- प्रदेशसंगको सह लगानीमा कृषि तथा फलफुल जन्य उत्पादनको भण्डारणका लागी शित गृह निर्माण को लागी आवश्यक पहलगरिने छ
- पशजुन्य उत्पादनको गणुस्तर नियन्त्रण तथा नियमन गरी वजार व्यवस्थापनमा सहजीकरण गरिनेछ । गणुस्तरीय पशु सेवा विस्तार गरी पशु रोग विरुद्ध खोप कार्यक्रम अभियान सञ्चालनमा जोड दिईनेछ।
- व्यवसायिक पशु पालन चौरी, च्यांग्रा, भेडा पालन मार्फत रोजगार सिर्जना गरी युवाहरुलाई गाउँ भित्रै स्वरोजगार वनाउनका लागि प्रतिस्पर्धी अनुदान उपलब्ध गराई युवा लक्षित कार्यक्रम सञ्चालन गरिने छ ।

- चौरीको छुर्पी (चिज) नेपालकै उत्कृष्ट भिजेरमा (४२००) मिटरमा तयार हुने हुदा त्यसलाई अझै एडभान्स् हुने गरी उत्पादक कम्पनीलाई अनुदान तथा प्रोत्साहन गरिने छ ।

- कृषकहरुमा सीप हस्तान्तरण द्वारा आधुनिक पशु पालन पद्धतिको विकास गर्दै लैजाने कार्यमा जोड दिइने छ ।

- पशुपालन क्षेत्रको विकासमा कृषक समुह, समिति, सहकारी, गैर सरकारी संस्था र गाउँपालिकाविच सहकार्य गरिने छ ।

- व्यवसायिक पशु पालनलाई उत्प्रेरित गर्न विभिन्न तालिम तथा प्रोत्साहनलाई जोड दिइने छ ।

- प्रदेश सरकार र केन्द्र सरकारको साझेदारी, सहलगानीमा पशु पालनलाई उत्पादनमुलक आर्थिक र रोजगारीमुलक सम्मानित पेशाको रुपमा विकसित गरिने छ

- शे फोक्सुण्डो गाउँपालिकालाई डोल्पाको उत्कृष्ट पशु पालन क्षेत्रको रुपमा पहिचान हुने गरी विकास गरिने छ ।

**२ सहकारीः**

- गुणस्तर निर्धारण गर्ने संस्थागत क्षमता तिकास गरी सवै सहकारी संस्थाहरुलाई गाउँपालिकामा आवद्ध गरिनेछ ।

- श्रमिक सहकारी मार्फत निरन्तर रुपमा उपयुक्त पारिश्रमिक सहितको मर्यादित रोजगारी सिर्जना गर्न श्रम सहकारी स्थापनामा जोड दिइनेछ । यसैगरी उत्पादन सहकारी मार्फत वुस्तु उत्पादन प्रशोधन, ग्रेडिङ, लेवलिङ, प्याकेजिङ र भण्डारण पश्चात बजारीकरण मूल्य श्रृखला कायम गर्नका लागि गाउपालिकाको सहकारी शाखालाइ परिचालन गरीनेछ ।

- स्थानीय स्तरका सवै व्यपारिक फर्म तथा पसलहरुलाई अभिलेखिकरण गरी उपभोग्य खाद्य वस्तु आपुर्ति प्रणालीमा सधुार एवं भण्डारण क्षमतामा वृद्धि गर्न र आन्तरिक वितरण प्रणाली सुदृढ गर्न प्रोत्साहान गर्ने व्यवस्था मिलाईने छ।

- गाउँपालिका भित्रका सहकारीहरु दर्ता, नविकरण तथा आवश्यकता अनुसार क्षमता वृद्धिका कार्यक्रमहरु तथा प्रभावकारी अनुगमन गरिनेछ र गाउँपालिकामा दर्ता भइ सञ्चालनमा रहेका सम्पूर्ण सहकारीहरुलाइ सहकारी सूचना प्रणालीमा आवद्ध भइ कारोबार सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

- लघुउद्यम प्रवद्धनका लागि गाउँपालिका स्तरमा १ लघु उद्यम विकास समिति स्थापना गरी संचालनमा ल्याइनेछ ।

- बैदशिक रोजगारबाट फर्केका तथा बेरोजगार युवाहरुको तथ्याङ्क संकलन गरि उनीहरुलाइ स्वरोजगार मुखि सीप प्रदान गरिनेछ।

- यवुा स्वरोजगार तथा उधमशीलता विकासका लागि यवुा उद्यमशीलता कार्यक्रम संचालन गरीनेछ ।

**३ उद्योग**

- औद्योगिक क्षेत्रमा लगानी बढाउन तथा स्थानीय उद्योग धन्दालाइ प्रोत्साहन गर्न आवश्यक नीतिगत, कानूनी, व्यवस्था गरी प्रशासनिक तथा आर्थिक सुधारका प्रयासहरु अवलम्बन गरिनुका साथै लगानी मैत्री वातावरण सिर्जना गरिनेछ।

- स्थानीय उद्योगधन्दा, कलकारखाना, बालीनालीबाट उत्पादित वस्तुहरुको बजारीकरणको प्रवन्ध गरी स्थानीय रोजगारी तथा आय आर्जनमा वृद्धि गरिनेछ।

- लघु तथा स्थानीय उद्यमीसंगको सहकार्यमा लघु, घरेलु तथा साना उद्यमीलाई उद्यम विकास तालिम तथा औजार यन्त्र उपकरण प्रदान गरिने छ ।

- स्थानीय सीप श्रोत साधन एवं प्रविधिको प्रयोगलाई बढावा दिइ व्यवसायिक उत्पादन तर्फ अग्रसर गराउने कार्यक्रम सञ्चालन गरिने छ ।

- स्थानीय वन पैदावार प्राकृतिक श्रोत साधन जडिवुटीमा आधारित उद्योगहरु स्थापना गर्न लगानीकर्ताहरुलाई उचित वातावरणको व्यवस्था गरिने छ ।

४ **पर्यटनः**

- फोक्सुण्डो गाउँपालिकाको पर्यटकीय क्षेत्रको पहिचान गरी स्थानीय पर्यटनका सम्भावना खोज अनसुन्धान, संरक्षण तथा प्रवद्धन गर्न फोक्सुण्डो गाउँपालिकाको आवधिक पर्यटन योजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

- धार्मिक ऐतिहाँसिक महत्वका  गुम्वा तथा धार्मिक प्राकृतीक स्थलहरुलाइ विशेष पर्यटकिय क्षेत्रको रुपमा प्रवद्धन गरिनेछ ।

- प्रदेश सरकार तथा गाउँपालिका समेतको सहकार्यमा दुनै फोक्सुण्डो साल्दाङ, भिजेर हुदै मुगु छाँयाँनाथ जाने पदमार्गको विकासका लागि सम्भाव्यता अध्ययन गरिने छ ।

- गाउँपालिका भित्रका रुचि राख्ने युवाहरुलाई ट्रेकिङ गाइड तथा पर्यटकीय प्रवर्द्धन सम्वन्धी तालिम दिइने छ ।

- पर्यटन बसाई व्यवस्थापनको लागि छेप्का, रिग्मो, शे गुम्बा, साल्दाङ, भिजेर, फोतगाउँ, याङजेर गुम्बा र रापामा होमस्टेहरु सन्चालन गर्ने सञ्चालकहरुलाई प्रशिक्षण दिइने छ ।

- शे फोक्सुण्डो गाउँपालिकालाइ पर्यटकिय हवका रुपमा विकास गर्न संघ तथा प्रदेश सरकारको सहयोग तथा साझेदारीमा फोक्सुण्डो महोत्सव भव्य रुपमा सञ्चालन गरिने छ ।

- पर्यटन प्रवर्द्धन तथा  विकासका लागी पुर्वाधार निर्माणमा जोडदिइने छ ।

## ख सामाजिक विकासः

५ युवा तथा खेलकुद

- स्थानीय खेलकुदलाई प्रर्वद्धन गर्ने गरी राष्ट्रपती रनिङ सिल्डका साथै गाउँपालिका अध्यक्ष कप खेलकुद आयोजना सञ्चालन गरिने छ ।
- संघ तथा प्रदेशको खेलकुद नीति अनुसार १ स्थानीय तह १ खेल मैदान निर्माण अन्तर्गत गाउँपालिकाको खेल मैदान निर्माण कार्यलाई अगाडि बढाइने छ ।
- युवा आत्म निर्भर वनाउन बैंक निजी क्षेत्र लगायत सहयोगी संघ संस्थासंग सहकार्य गरि स्वरोजगारमुखी कार्यक्रम सञ्चालनमा जोड दिइने छ ।

### ६ शिक्षा

- स्थानिय प्रविधिक जनशक्ती उत्पादनका लागी शैक्षिक कार्यक्रम सन्चालन कार्यविधि तयार गरी कार्यान्वयमा ल्याइने छ।
- शिक्षा क्षेत्रको व्यापक सुधारको लागि उपाध्यक्ष शैक्षिक सुधार कार्यक्रम सञ्चालन गरिने छ ।
- शिक्षण सिकाईलाई सुचना तथा सञ्चार प्रविधिसंग आवद्ध गराउन प्रत्येक विद्यालयमा आवश्यक विधुतिय पुर्वाधार विकासमा जोड दिइने छ ।
- विद्यालय विस्तार हुन नसकेका साना साना छरिएर रहेका वस्तीहरुमा सन्चालनमा रहेकमा वाल विकास केन्द्रहरुलाइ निरन्तरता दिइने छ ।
- गाउँपालिका अन्तर्गतका सबै विद्यालयहरुमा हुने परिक्षा प्रणलीलाइ एकिकृत गरी वार्षिक क्यालेण्डर तयार गरिने छ
- आधारभुत तह उतिर्ण तथा अन्य कक्षागत तहको परिक्षालाई तोकिएको मापदण्डका आधारमा व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न जोड दिइने छ ।
- सम्पुर्ण विद्यालयमा क्रमशः पुस्तकालय, गणित, विज्ञान र कम्प्युटर प्रयोगशाला व्यवस्थित गर्दै लगिनुका साथै त्यसको उचित प्रयोगमा जोड दिइने छ ।
- शिक्षक, प्र. अ. अन्य कर्मचारीको कार्य सम्पादन स्तर र विषयगत नतिजा विश्लेषणका आधारमा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने छ ।
- लक्षित वर्गको पहुच वृद्धि गर्न विभिन्न छात्रवृत्ति प्रदान गरिनुका साथै नियमित विद्यार्थी विद्यालय पठाउने र शिक्षामा चासो राख्ने अभिभावकहरुलाई गाउँपालिकाद्वारा सम्मान गरिने छ ।

- विद्यार्थीको प्रतिभा पहिचान र प्रस्फुटनका लागि विभिन्न क्षेत्रका खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गरिने छ ।
- शैक्षिक प्रशासनलाई चुस्त दुरुस्त र प्रभावकारी बनाउन शिक्षा शाखासंग प्र. अ. को कार्यसम्पादन सम्झौता गरी त्यसको उचित कार्यान्वयनमा जोड दिइने छ ।
- शैक्षिक गुणस्तर सुधारमा अग्रसर रहने र राम्रो नतिजा प्राप्त गर्ने विद्यालयका प्र. अ., विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, विद्यालय कर्मचारी र विद्यालयलाई समेत उत्कृष्टताका आधारमा पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिइने छ ।
- शिक्षा क्षेत्रमा लगानी गर्न चाहने गैर सरकारी संस्था वा दातृ निकायलाई उनिहरुको कार्यक्रमको प्रभावकारिता र त्यसबाट प्राप्त हुने प्रतिफलको अनुमानका आधारमा अनुमती र स्वीकृति प्रदान गरिने छ ।
- विद्यालयहरुवीचको दुरी, विद्यार्थी शिक्षक अनुपात र समुदायको आवश्यकतालाई मध्यनजर गर्दै विद्यालयको समायोजन, दरवन्दी मिलान र वितरण गरिने छ ।
- विद्यालयको भौतिक पुर्वाधार निर्माण सुधार, शिक्षक तालिम र सामुदायिक सचेतना कार्यक्रमको माध्यमबाट विद्यालयको वातावरणमा सुधार ल्याउन सहयोग पुर्‍याइने छ ।
- विद्यालय सरसफाई कार्यक्रम अन्तर्गत पिउने पानी, वालमैत्री शौचालय तथा नियमित सरसफाई, प्राथमिक उपचार कक्ष, कक्षा कोठा व्यवस्थापन जस्ता कुराहरुको क्रमशः सुधार गर्दै लगिनेछ
- शिक्षा ऐन तथा नियमावलीको प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइने छ ।
- संघीय तथा प्रदेश संगको सह लगानीमा स्थानीय तहमा सार्वजनिक पुस्तकालय स्थापना गर्ने नीति लिइने छ ।
- शिक्षाको पालिकास्तरीय प्रोफाइल तथा शैक्षिक रणनितिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याइने छ।
- शे फोक्सुण्डो गाउपालिका भित्रका विद्यालयमा अध्यायन गरेर उच्च शिक्षाको अवसर वाट वन्चीत विद्यार्थीहरुलाइ अध्यान छात्रबृत्रि कार्यक्रम संचालन गर्ने ।
- आवासिय सामुदायिक बिद्यालयको भौतिक पुर्बाधार निर्माण सहायता कार्यक्रम संचालन गर्ने ।
- गाउँपालिकाभित्रका प्रत्येक सामुदायिक विद्यालयलाई कार्यालय ब्यबस्थापन र संचालनसम्बन्धि कार्यक्रम संचालन गर्ने।
- विद्यार्थी शिक्षक अनुपातमा दरवन्दी निधारण गरी आवश्यकताको आधारमा शिक्षक परिपुर्ती कार्यालाइ निरन्तरता ल्याइनेछ ।
- गाउँ वस्ती टोलमा रहेका १५ वर्ष माथिका निरक्षर जनसंख्याको लागत संकलन गरी

शे फोक्सुण्डो गाउँपालिका

अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गरी गाउँपालिकालाइ साक्षर गाउँपालिका घोषणा गरिनेछ ।

- तापिरिचा माध्यामिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक सीपको शैक्षिक कार्यक्रम संचालन गरीनेछ ।

७. स्वास्थ्यः

- महिला स्वास्थ्य स्वयमसेविका तथा खोप कार्यक्रमलाइ स्थानिय भाषामा रुपान्तरण गरी जनचेतनामुलक कार्यक्रम सन्चालन गरिनेछ ।
- म मेरो स्वास्थ्य र मेरो जिम्मेवारी भन्ने नारालाई स्वास्थ्यको मुल नाराको रुपमा अंगिकार गर्दै गाउँपालिकाका सवै वडामा स्वास्थ्य वीमा गर्न जनतालाई प्रोत्साहन गरिनेछ ।
- यस गाउँपालिकाका सम्पुर्ण नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवको पहुच सुनिश्चत गर्न स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवालाई थप प्रभावकारी वनाउन श्रोत साधन सम्पन्न वनाइने छ ।
- पुर्ण खोप, परिवार नियोजन सेवा, सुरक्षितातृत्व, गाउँघर क्लिनिक जस्ता सेवालाई व्यवीस्थत गर्दै स्वास्थ्यकर्मी र महिला स्वास्थ्य क्षेत्रको पहिलो खुड्कीलो महिला स्वास्थ्य स्वयमसेविकालाई काम गर्न हौसला बढाउनका लागि उत्प्रेरित गर्ने खाले कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय तहमा कम्तीमा ५ शैयाको अस्पताल निर्माणका लागी संघिय सरकार संग माग गरिनेछ ।
- गाउपालिकाको सवै वडा अन्तरगतका प्रत्येक घरमा पुर्ण सरसफाई सहितको शौचालय वनाउने कार्यलाई निरन्तरता दिइनेछ ।
- अझै पनि गाउँपालिका क्षेत्र भित्र केही वालवालिका कुपोषणबाट प्रभावित रहेको समस्यालाई सम्बोधन गर्न पोषण विशेष कार्यक्रमलाई जोड दिइने छ ।
- स्वास्थ्य सेवालाई सहज, सरल, सुलभ तथा गुणस्तरीयता सुनिश्चितता गर्न गराउन स्वास्थ्य संस्थाहरुको भौतिक पुर्वाधारहरुको विकासमा जोड दिइने छ ।
- स्वास्थ्यका लागि सक्षम प्रणाली कार्यक्रमले तयार गरी पेश गरेका स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमलाई प्राथमिकता का साथ कार्यान्वयनमा जोड दिइने छ ।
- अति गरिव विपन्न, अपाङ्ग लगायत आर्थिक सामाजिक रुपले पछाडि परेका कडा रोगीलाई औषधी उपचार अनुदान दिने नीतिलाइ निरन्तरता दिइने छ ।
- आगामी बर्षमा नियमित रुपमा स्वास्थ्य संस्थामा गर्भजाँच गर्नुका साथै स्वास्थ्य संस्थामा सुत्केरी हुने दरलाई बढाउदै घरमा सुत्केरी हुने कार्यलाई निरुत्साहित गर्ने नीति अवलम्बन

गरिनेछ ।

- स्वास्थ्य शिक्षा लैंगिक समानताका  क्षेत्रमा कार्यक्रम सञ्चालन र गणुस्तरीय सेवा प्रवाह गरी न्यायपूर्ण र गतिशिल सामाजिक जीवनको स्थापना गर्ने व्यवस्था गरानेछ ।
- यस गाउँपालिकाले गुणस्तरीय स्वास्थ्य शिक्षा खानेपानी तथा सरसफाइ क्षेत्रमा सवै नागरिकको समतामूलक पहुचँ सुनिश्चत हुनेगरी कार्यक्रम सञ्चालनमा जोड दिइनेछ । यसका लागि आवश्यक पूर्वाधारको विकास गरिनेछ ।
- स्थानीय तहका सवै वडाहरुमा पूर्ण खोप सेवा उपलब्ध गरि पूर्ण खोप वडा कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।
- सरुवा रोग रोकथाम , नियन्त्रण, उपचार एवंस्वास्थ्य विपद व्यवस्थापनको तयारी तथा प्रतिकार्य योजना तयार गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुमा औषधी तथा सर्जिकल सामानको अभाव हुन नदिन आवश्यक प्रवन्ध मिलाइने छ।
- महिला स्वास्थ्य स्वयसेविकाको रेकडिङ रिपोटिङमा सधुारल्याउन क्षमता विकास तालिमको व्यवस्था मिलाइनेछ ।
- संस्थामा कार्यरत पारामेडिक्स तथा नर्सिङ स्टाफको विभिन्न क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई सक्षम बनाई विद्यालय स्वास्थ्य कार्यक्रम जेष्ठ नागरिक स्वास्थ्य उपचार कार्यक्रम, गाउँघर क्लिनिक कार्यक्रमको व्यवस्था मिलाइनेछ ।
- स्वास्थ्य चौकीहरुको व्यवस्थापन नियमावली तर्जुमा गरि अनुगमन व्यवस्था प्रभावकारी बनाईने छ।प्रत्येक स्वास्थ्य चौकीमा प्रयोगशाला स्थापना गरिनेछ ।
- वर्षमा १ पटक भिजेर साल्दाङ्ग र फोक्सुण्डोमा विशेषज्ञ डाक्टरहरुको उपस्थितिमा स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।
- स्थानीय जडिबटुी र आदिवासी ज्ञानलाइ प्रवद्धन गरेर परम्परा गत स्वास्थ्य सुविधा विस्तारमा जोड दिइनेछ ।
- जेष्ठ नागरिकहरुको  नियमित रुपमा स्वास्थ्य परीक्षण गर्ने निति लिइने छ  ।
- सम्पूर्ण विद्यालयका छात्र छात्राहरूलाइ नियमित रुपमा स्वास्थ्य परीक्षण गरी सेवा प्रदान गर्नका लागि विद्यालय स्वास्थ्य कार्यक्रम संचालन गरिनेछ ।
- स्वास्थ्य सेवा पहुचँमा नरहेका वडा र वडाका वस्तीमा स्वास्थ्य सेवा पहुचँ बृद्धि गरिनेछ ।

**<u>८ खानेपानी तथा सरसफाईः</u>**

- स्वच्छ खानेपानीमा फोक्सुण्डो बासीको पहुचँ अभिवृद्धि गरिनेछ।कम्तीमा प्रत्येक वडामा एउटा खानेपानी आयोजनाको संभाव्यताको अध्ययन गरी यथासम्भव खानेपानी आयोजना संचालनमा ल्याइनेछ । एक घर एक धारा नीति अवलम्वन गरिनेछ।

- खानेपानी सेवा पुग्न नसकेको घरधुरीलाई व्यवस्थित खानेपानी सेवा पु¥याउनको लागि शुरु चरणमा डि.पि.आर. तयार गरीने छ,

- खानेपानीका पुराना आयोजनाहरुको मर्मत, पुनस्र्थापना, एवं नयाँ आयोजनाहरुको कार्यान्वयनमा जोड दिईनेछ ।

- खानेपानी आयोजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ताहरुलाई मर्मत सम्भार तलिम प्रदान गरिने छ ।

**<u>९ संस्कृति प्रवर्द्धनः</u>**

- फोक्सुण्डो गाउँपालिकाको कला, सँस्कृति, भाषा, धर्म र सम्पदाको संरक्षण एवं विकासलाइ जोड दिइनेछ ।

- गाउँपालिकामा रहेका पुरातात्विक महत्वका बस्ती, संरचना, मठ मन्दिर, गुम्बा, स्तम्भ, ताम्रपत्र, शिलालेख जस्ता ऐतिहासिक धरोहरको पहिचान गरी संरक्षण प्रवद्धनका लागि अभिलेखिकरण र दस्तावेजीकरण गरिनेछ ।

- शे फोक्सुण्डो गाउँपालिका कम्तीमा २ वटा गाउँलाई यस वर्ष पनि सास्कृतिक गाउँको रुपमा घोषणा गरी विभिन्न कार्यक्रम सञ्चालन गरिने छ ।

- स्थानीय मौलिक सस्कृतिलाई यहाँको पर्यटन र उत्पादनसंग जोडेर विकास गरिने छ ।

**<u>१० लैंगिक समानता तथा सामाजिक समावेशीकरणः</u>**

- लैंगिकताको अधारमा कसैलाइ भेदभाव गरिने छैन साथै यस गाउँपालिकाले लिने हरेक नीतिहरुमा लैंगिक समानतालाइ प्रवर्द्धन गरिनेछ ।

- यस गाउँपालिकाबाट प्रवाह हुने हरेक सेवा सुविधामा लक्षित वर्गलाइ विशेष प्राथमिकता दिइनेछ ।

- महिला, दलित, अल्पसंख्यकहरुको क्षमता विकासका लागि सशक्तिकरण कार्यक्रम संचालन गरीनेछ।

**<u>११महिला वालबालिका अपाङ्गता तथा जेष्ठ नागरिक</u>**

- महिला वालवालिका अपांग भएका व्यक्ति र जेष्ठ नागरिक सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

- महिला हिंसा मानव वेचविखन र ओसार पसारको जोखिमलाइ घटाउन चेतनामलूक

कार्यक्रम सञ्चालन गरिनेछ

- लैंगिक विभेद र सवैप्रकारका कुरिती तथा कुसंस्कारको न्युनीकरणका लागि सवै सरोकारवालासँग सहकार्य र समन्वय गरि सामाजिक रुपान्तरणको अभियान मलूक कार्यक्रम सञ्चालन गरिनेछ।
- अशक्त, असाहाय, वेसाहारा , जेष्ठ नागरिकलाइ उच्च प्राथामिकताका साथ संरक्षण गरिनेछ र स्वास्थ्य उपचार लगायत अन्य सेवा सुविधामा जोड दिइनेछ।
- गाउँपालिका केन्द्रबाट महिलालाई कानुनी सचेतना, संविधान  मेलमिलापका विषयमा तलिम प्रदान गरिने छ ।
- १६ दिने महिला हिंसा दिवस, नारी दिवस, नेपाली संस्कृति जोगाउन स्थानीय पर्व जस्ता कार्यक्रम संञ्चालन गरी महिला शसक्तिकरणमा जोड दिइने छ ।
- न्यायिक समितिलाई सक्रिय वनाई महिला प्रति हुने सवै प्रकारका हिंसा तथा विभेदमा छिटो न्याय दिने कुरालाइ प्र◌ाथमिकता दिइने छ ।
- वालवालिकाको पोषण लगायत वाल अधिकार विषयमा विभिन्न अन्तरक्रिया लगायतका कार्यक्रम सञ्चालन गरिने छ
- आपतकालिन वाल संरक्षण, आपतकालिन महिला संरक्षणको लागि कोषको रुपमा रकम विनियोजन गरी परिचालन गरिने छ ।
- अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक समाबेशीकरण एवं सेवा प्राप्तीमा सहज पहुचका लागि गाउँपालिका कार्यालय, वडा कार्यालय, सवै स्थानीय स्तरका विषयगत शाखा कार्यालयहरु तथा सार्वजनिक शौचालयहरुलाई क्रमशः लैङगिक तथा अपाङ्ग मैत्री वनाउदै लगिने छ ।
- जनजाति, दलित द्वन्द पिडित, शहिद परिवार, आर्थिक सामाजिक रुपले पछाडि परेको वर्ग तथा समुदायको हितको लागि कार्यालय मार्फत लक्षित कार्यक्रम लगायत सीपमुलक र रोजगारीमुलक कार्यक्रम तर्जुमामा जोड दिइने छ ।
- यस गाउँपालिका भित्रका दुवै खुट्टा नभएका स्थानीय अपाङ्ग व्यक्तिलाई सहायता सामाग्री उपलब्ध गराइने छ ।
- ज्येष्ठ नागरिकलाई सम्मान पुर्वक वाँच्न पाउने हकलाई ग्यारेन्टी गर्न आश्रित परिवार सदस्यलाई अनिवार्य ज्येष्ठनागरिक सेवामा लाग्न उत्प्रेरित गरिने छ ।
- प्रदेश सरकारसंग सहकार्य गरी १ स्थानीय तह जेष्ठ नागरीक मिलन केन्द्र स्थापनामा जोड दीइनेछ ।

## ग भौतिक पूर्वाधार विकासः

**१२ सडक तथा पुलः**

- ३० लाख भन्दा माथीका योजनामा सम्भाव्यता अध्ययन र ५० लाख भन्दा माथीका योजनामा डि.पि.आर. तयार गरेर मात्र काम गर्ने प्रकृयालाई अवलम्बन गरिने छ ।

- सवै किसिमका योजनालाई दिगो र प्रभावकारी पुर्वाधार योजना निर्माण भन्ने नीतिका अधारमा कार्यक्रम सञ्चालन गरिने छ ।

- उपभोक्ता समिति मार्फत ५० लाखसम्माका योजना सो भन्दा माथि निर्माण व्यायवसाही मार्फत  मार्फत गरिने छ । साथै उपभोक्तामिति मार्फत काम गराउदा १५ प्रतिशतलागत सहभागिता साझेदारीलाई अनिवार्य कार्यान्वयन गरिने छ ।

- शे फोक्सुण्डो गाउँपालिका भित्र सञ्चालन हुने नेपाल सरकार, प्रदेश सरकाबाट स्वीकृत आयोजना तथा कार्यक्रम र गाउँपालिकाबाट स्वीकृत आयोजना तथा कार्यक्रम कार्यान्वयन सम्झौताको सीमा भन्दा ढिलो काम गरी विकासमा अवरुद्ध गर्ने उपभोक्ता लगायत सवै निर्माण व्यवसायीलाई कानुनले तोके बमोजिमको दण्ड तथा जरिवाना गर्ने कार्यलाई जोड दिइने छ ।

- ठुला पुर्वाधार निर्माण आयोजनालाई गौरवका आयोजना घोषणा गरी संघ प्रदेशमा माग गरिने छ ।

- आयोजनाको ठेक्का व्यवस्थापन प्रभावकारी वनाउनको लागि गाउँपालिकाको केन्द्रमा नै विधुत र ईन्टरनेटको प्रभावकारी व्यवस्था गरि ठेक्का खोल्ने कार्यअनिवार्य गरिनेछ ।

- गाउँपालिका केन्द्रबाट प्रत्येक गाउँ बस्ती र वडा केन्द्रलाइ सुरक्षित र भरपर्दो सडक संजालमा जोडिनेछ ।

- आवधिक योजना अनुसार सडक निर्माण र विकास कार्यलाई अगाडि बढाइनेछ। सोको लागि आगामी आ.व.मा छुट भएका सडकको डि.पि.आर. तयार गरिने छ ।

- गाउँपालिकाको आर्थीक र रणनितिक महत्वका सडकहरु क्याटो देखि निजाल हुदै गाउँपालिकाको केन्द्र साल्दाङ जोड्ने सडक , सिमेन हुदै कोमास साल्दाङ, धो नाम्दो हुदै भिजेर ज ोड्ने सडक र साङ्टा छेप्का फोक्सुण्डो हुदै श े गुम्व ा जोड्ने पर्यटकिय पदमार्गलाइ स्थानीय गौरवको योजनाको रुपमा विकास गरी निमार्णमा उच्च प्राथमिकता दिइनेछ ।

- मर्मत सम्भार कोष मार्फत गाउँपालिका क्षेत्र भित्रका कमजोर सडकहरुको नियमित मर्मत सम्भार गरिनेछ ।

- गाउँपालिकाका सवै वडालाई सडक सञ्जालमा जोडिने गरी क्रमागत सडक योजनालाई निरन्तरता दिइने छ ।

- आवश्यकताका आधारमा गाउँपालिकाभित्रका सबै वडाहरुमा झोलुङ्गे पुल ट्रस ब्रिज तथा

साघुहरु निर्माणमा को कार्यलाइ उच्च प्राथमिकता दिइनेछ ।साथै सो कार्यका लागि संघ प्रदेश तथा अन्य सम्बन्धित संघ संस्थाहरुसँग लागत साझेदारीका लागि पहल गरिनेछ ।

- गाउँपालिका क्षेत्रभित्र सडक लगायतका भौतिक पुर्वाधार निर्माण गर्दा उपभोक्ता समितिबाट निर्माण गरिने कार्यका लागि डोजर लगायतका उपकरण प्रयोग गर्दा दररेटमा एकरुपता कायम गरीनेछ ।

## १३ सिंचाईः

- खेतीयोग्य जमीनमा सिंचाइ सुविधा पुर्याउन सिंचाई पोखरी निर्माण गरी सञ्चालनमा ल्याइनेछ साथै सिचाइ कुलोको सम्भावना नभएका सुख्खा जमीनमा लिफ्ट सिंचाइ प्रविधको लागि सम्भाव्यता अध्ययन गरी कार्यान्वयनमा ल्याइनेछ ।
- शसर्त बजेट मार्फत साना सिचाई आयोजनालाई आगामी वर्ष कार्यान्वयन गर्दै सिचाई प्रणालीको मर्मत सम्भार र नयाँ प्रविधिमा आधारित सिचाई आयोजनाको कार्यान्वयनमा जोड दिइने छ साथै मझौला र ठुला सिचाई योजनाको हकमा केन्द्र सरकार र प्रदेश सरकारमा समन्वय गरिने छ ।
- गाउँपालिकाको सबै खेतीयोग्य जमिन बाँझो नराख्नको लागि सिचाई सेवा विस्तारमा जोड दिइने छ ।
- केन्द्र सरकार र प्रदेश सरकारबाट सञ्चालित सिचाई आयोजनाहरुलाई समयमै सम्पन्न गर्न, गुणस्तरीय बनाउन प्रभावकारी रुपमा समन्वय तथा अनुगमन गरिने छ ।

## १४ भवन

- यसै आ.व. भित्र गाउँपालिका केन्द्र भवन, वडा कार्यालय भवनहरु र प्रहरी चौकी भवन, स्वास्थ्य चौकी भवन लगायत अन्य भवन संरचनाहरु केन्द्र सरकारको समपुरक कोष तथा गाउँपालिकाबाट विनियोजित समपुरक कोष र साझेदारी कोषबाट लगानी गरि निर्माण कार्यलाइ उच्च प्राथमिकता दिई निरन्तरता दिईनेछ ।
- स्वास्थ्य संस्था लगायत सबै विषयगत शाखा र विद्यालय भवनहरु निर्माणगर्दा अपाङ्गमैत्री वातावरणमैत्री अवधारणालाई आत्मसात गरिने छ ।
- गाउँपालिकाभित्र निर्माण हुने सम्पुर्ण भवन तथा घर निर्माण गर्दा मौलिक र साँस्कृतिक ऐतिहासिक पहिचान हुने र एकै किमिमका गरी भकुम्प प्रतिरोधि बनाइनेछ ।
- गाउँपालिका क्षेत्रभित्र बनेका सम्पूर्ण घरहरुको हालको अवस्था तथ्याङ्क संकलन गरी अभिलेखिकरण गरिनेछ।

## १५जलविद्युत तथा उर्जा

- फोक्सुण्डो गाउँपालिकालाइ समद्धृ, समुन्नत बनाउन १ मेघावाट सम्मको फोक्सुण्डो साना

शे फोक्सुण्डो गाउँपालिका

जलविधुत आयोजना सम्भाव्यता अध्ययन गरी जलविधुत उत्पादनको लागि सम्बन्धित निकायमा पहल गरिनरेछ।

- निजी तथा सहकारी क्षेत्रलाइ विद्यतु उत्पादनमा आकर्षित गरिनेछ । यस क्षेत्रमा गाउँपालिका वासीको लगानीलाइ प्रोत्साहन गरिनेछ ।
- उज्यालो फोक्सुण्डो अभियाना मार्फत "**हुने छैन कुनै घर खाली सौर्य उर्जाबाट विजुली**" भन्ने नारालाइ आत्मसाथ गर्दै वैकलपिक उर्जा अन्तर्गत सौर्य उर्जाको मिनि ग्रिड स्थापनाका लागि लागत साझेदारीका आधारमा प्रदेश तथा केन्द्र सरकारसँग समन्वय गरिनेछ।
- कर्णाली प्रदेश सरकारको उज्यालो अभियान अन्तर्गत सवै सरकारी कार्यालय, स्वास्थ्य चौकी, विद्यालय, गुम्बा र समुदायमा सौर्य उर्जा जडान गर्ने कार्यलाइ प्राथमिकता दिईनेछ ।
- नविकरणीय उर्जा कार्यक्रम अन्तर्गत विभिन्न क्रियाकलाप तथा पुजीगत प्रकृतिका कार्य आवश्यकतको आधारमा अगाडि बढाइने छ ।

## <u>१६ संचार</u>

- गाउँपालिकालाइ संचार क्षेत्रसँग जोड्न तथा आम फोक्सुण्डो बासीले सूचना संचारको भरपुर उपयोग गर्न सम्बन्धित निकायहरुसंग विशेष पहल गरिनेछ ।
- फोक्सुण्डो गाउँपालिकालाइ संचारको पहुचँमा वृद्धि गर्न सवै वडाहरुमा ईन्टरनेटको जडान गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिकाभित्रका प्रमुख पर्यटकिय क्षेत्रहरुमा सूचना तथा सञ्चार सेवा तथा ईन्टरनेट सुविधा विस्तार गर्ने नीति लिइनेछ ।
- विगतदेखि सञ्चालनमा रही हाल चालु अवस्थामा नरहेका टेलिफोन सेवालाई निरन्तर सञ्चालन हुने व्यवस्था गरिने छ । साथै टेलिफोन सेवा नभएका सवै वडाहरुमा मोवाइल टावर विस्तारमा जोड दिइने छ ।
- राष्ट्रियस्तरका रेडियो तथा टेलिभिजनबाट गाउँपालिकाको विकास पर्यटन लगायत क्षेत्रको प्रचार प्रसारका लागि अन्तर सम्वाद, अन्तरक्रिया तथा सुचना, जानकारीमुलक कार्यक्रम प्रसारणमा जोड दिइने छ
- डिजिटल गाउँपालिका निर्माणका लागि आवश्यक पूर्वाधार निर्माणमा जोड दिइने छ ।
- पत्रकारिता सञ्चार जगतसंग विकास र सुशासनमा सहकार्य गरिने छ ।

फोक्सुण्डो गाउँपालिका

## घ वन वातावरण तथा विपद् व्यवस्थापनः

### १७ वन तथा भू-संरक्षणः

- गाउँपालिकाले वृक्षारोपणका कार्यक्रमलाइ विस्तार गरी हरित फोक्सुण्डो हाम्रो स्वास्थ्य को नीति अवलम्बन गरिनेछ ।
- वन र जैविक विविधता संरक्षण र विकासलाइ उच्च प्राथमिकता दिईनेछ ।
- अगामी वर्ष जलवायु अनकुलन वृक्षारोपण वन विकास र वन उपयोग गर्ने गरी वनक्षेत्रका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- पहिरो तथा भूक्षयग्रस्त क्षेत्रहरुमा विरुवा रोपण गरिने, त्यसको संरक्षण र उपयोग कार्यलाइ उच्च प्राथमिकता दिइनेछ ।
- गाउँपालिका क्षेत्रमा लोप हुदै गएका तथा पशु जन्य घाँसका विरुवा तथा घाँसे चरीचरण क्षेत्र संरक्षणमा जोड दिईनेछ ।
- मध्यवर्ती क्षेत्र उपभोक्ता समितिसंगको सहकार्यमा वन तथा वातावरण संरक्षण सम्बन्धी कार्यक्रमहरु संञ्चालन लाइ प्राथमिकता दिइनेछ ।
- जैविक विविधताको संरक्षण, जलवायु परिवर्तन अनुकुलन तथा गरिव तथा विपन्न वर्गको जिविकोपार्जनमा मद्धत पुऱ्याउने कार्यक्रमलाई प्राथमिकता दिइने छ ।
- वातवरणमैत्री गाउँपालिका वनाउनको लागि वातावरणमैत्री स्थानीय शासन २०७० को सुचक अनुसार कार्यक्रम तय गरिने छ ।
- वातावरण संरक्षण र सिचाईलाई समेत उपयोगीका रुपमा लिइने गरी प्राचिन पोखरीको संरक्षणमा जोड दिइने छ साथै हिउ पोखरी तथा ग्रिन हाउस निर्माण कार्यलाइ प्राथमिकता दिइनेछ ।
- उच्च हिमाली क्षेत्रमा पाइने हिउचितुवा तथा अन्य दुर्लभ वन्यजन्तु संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालनका लागि सामुदायिक संघ संस्था तथा राष्ट्रिय निकुञ्जसँग सहकार्य गरीनेछ ।
- शसर्त वजेट माध्यम मार्फत वन तथा वातावरण संरक्षण सम्बन्धी विभिन्न क्रियाकलाप सञ्चालन गरिने छ ।
- प्रदेशसंगको सहकार्यमा जलाधार तथा फोक्सुण्डो ताल र हिमतलाहरुको संरक्षण तथा भुसंरक्षणमा जोड दिइ छ

### १८जलवायु परिवर्तनः

- गाउँपालिका भित्र जलवायु परिवर्तनले पारेको प्रभाव तथा असरबारे मध्यनजर गर्दै जलवायु परिवर्तनलाइ न्यूनिकरण गर्न पहल गरिनेछ ।

- जलवायु अनुकुलन कार्ययोजना निर्माणका लागि सम्बन्धित सरकारी गैरसरकारी संस्थाहरुसँग समन्वय गरिनेछ ।

**१९फोहोरमैला व्यवस्थापनः**

- मेरो फोहोर मेरो जिम्मेवारी भन्ने मूल नाराका साथ गाउँघर सरसफाइ अभियान सञ्चालन गरिनेछ ।

- गाउँपालिका क्षेत्रको फोहोर मैला तथा बजार व्यवस्थापन गरी प्रभावकारी रुपमा गाउँपालिकालाइ स्वच्छ, हराभरा, सुन्दर राख्न फोहोरमैला व्यवस्थापन तथा सार्वजनिक शौचालय निर्माण गरिनेछ ।

- फोहोरमैला व्यवस्थापनको लागि प्रत्येक वडा टोल टोलमा पुर्ण सरसफाइ अभियानको थालनी गरिने छ । सो को लागि फोहोर संकलन बाल्टी सबै टोलमा उपलब्ध गराइने छ ।

**२० विपद व्यवस्थापनः**

- गाउँपालिकाभित्र हुन सक्ने विपद व्यवस्थापन गर्न एक आकस्मिक कोषको व्यवस्था गरिनेछ ।

- विपद् व्यवस्थापन कोष स्थापना गरी विपद् व्यवस्थापन तथा प्रतिकार्यका क्रियाकलाप सञ्चालन गरिने छ । साथै गाउँपालिकाको विपद् प्रतिकार्य योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

**ङ सुशासन तथा संस्थागत विकासः**

**२१ सुशासन -मानव संसाधन विकास**

- कार्यरत कर्मचारीहरुको कार्यसम्पादन बैज्ञानिक ढंगले व्यवस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृत र सवै कर्मचारीहरु कार्य सम्पादन सम्झौता गरी सेवा प्रवाहलाई थप जनमुखी एवं नतिजामुलक वनाइने छ । साथै यस गाउँपालिकाको सस्थागत विकास र उत्तम कार्यसम्पादनको लागी कारर्यरत कर्मचारीहरुको स्थायीत्व अपरिहार्य रहेछ एवम विगत ५ वर्षको अभ्यासवाट कर्मचारीको अनियमित सरुवाले गाँउपालिकाका निति तथा कार्यक्रमको निरन्तरता र प्रभावकारी सेवा प्रवाहमा अवरोध सृजना भएको देखिएको हुँदा आगामी दिनमा यस गाउँपालिकामा हुने सरुवा प्रकृयालाइ न्युनतम सेवा अवधि (३वर्ष) तोकि गाउँकार्यपालिकाको निर्णय वमोजिम व्यवस्थित गरिने छ

- गाउँपालिकामा उपलब्ध मानव संशाधनको क्षमता विकास गर्न आवश्यक तालिमको व्यवस्था

गरिनेछ ।

गाउँपालिकाको

- गाउपालिकाको कार्यालयले धान्न सक्ने र नभई नहुने जनशक्तिको हकमा मात्र केन्द्र र प्रदेश सरकारको नीति निर्देशनका साथै ऐन कानुनको परिधि भित्र रही स्वीकृत दरबन्दीका आधारमा आवश्यक पदको पद पदपुर्ती कार्य अघि बढाइने छ ।

- हाल कार्यरत करार कर्मचारी नविकरण सम्बन्धमा राजस्व क्षमता, आबश्यकता र कर्मचारीले गरेको कार्य सम्पादन समेतको आधारमा विश्लेषण गर्दा नविकरण भएका कर्मचारीको काम सन्तोषजनक नदेखिएमा पौषको सभामा पुनः नविकरण संशोधन गर्ने कार्यलाई पूर्ण रुपमा कार्यान्वयन गरिने छ ।

- शिक्षा स्वास्थ्य लगायत अन्य क्षेत्र आवश्यक मानव संशाधनलाइ आवश्यक नीति नियम कार्यविधि बनाइ परिपूर्ति गरिनेछ ।

- कर्मचारीहरुलाइ क्षमता वृद्धिका लागि उचित तालिमको व्यवस्थापन गरिनेछ ।

- शे फोक्सुण्डो गाउँपालिकाको केन्द्र तथा सवै वडा कार्यालयहरुमा नागरिक वडा पत्र तथा क्षतिपुर्ती सहितका नागरिक वडापत्र कायम गरी सेवाग्राही प्रति उत्तरदायी बनाइने छ ।

- गाउँपालिकाभित्र कार्यरत कर्मचारीहरुको मनोबल उच्च राख्न गाउँपालिकाको तर्फ वाट थप प्रोत्साहन रकमको व्यवस्था गरिनेछ ।

- कर्मचारी तथा पदाधीकारीको मनोवल उच्च राख्न सकारात्मक सोच लगायत विभिन्न तालिम तथा भ्रमण जस्ता क्रियाकलापलाई निरन्तरता दिइने छ । काम नगर्ने गाउपालिकाको विकास गतिविधी र सेवा प्रवाहमा अवरोध पुर्याउने र गाउँपालिकाका पदाधिकारी विरुद्ध अनावश्यक गतिविधि गर्ने कर्मचारीलाई अन्यत्र सरुवा गर्न सम्बन्धित निकायमा लेखि पठाइने छ ।

- तेश्रो पक्ष सार्वजनिक सुनुवाई, सम्पन्न योजनाको सार्वजनिक परीक्षण र प्रभाव असर मुल्याङ्कन जस्ता गतिविधिबाट सुशासन प्रवर्द्धनमा जोड दिइने छ ।

## <u>२२ संस्थागत क्षमता विकासः</u>

- एकीकृत तथ्यांक व्यवस्थापन प्रणाली सुरुवात गर्ने, पारिवारिक विवरण स्थापना गर्ने, सफ्टवेयर मार्फत सवै वडाहरुमा एउटै नेटवर्क बाट तथ्यांक अद्यावधिक सेवा प्रवाह गर्न पहल गरिनेछ।

- पञ्जिकरण तथा सामाजिक सुरक्षा व्यवस्था गर्न अनलाइन सप्टवयर तालिमको व्यवस्था अनिवार्य गरिनेछ।

शे फोक्सुण्डो गाउँपालिका

- यस गाउँपालिकाको न्यायीक समिति र वडा स्तरका मेलमिलापकर्ताहरुको न्याय सम्पादन गर्न सजिलोका तालिमको व्यवस्था मिलाइ सक्षम वनाइनेछ ।

- वडा कार्यालय भवन निर्माणका लागि ईच्छुक स्थानीय जग्गादाताबाट जग्गा लिइ नेपाल सरकारको अनदुान तथा प्राविधिक सहयोग लिईनेछ ।
- वडा कार्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार, मानव संशाधन, फर्निचर, मेनशनरी औजारहरुको व्यवस्था गरी नागरिकहरुलाइ सजिलै, घरदैलोमै सेवा प्रवाह गर्न आवश्यक व्यवस्था मिलाक्षने छ ।
- गाउँपालिका तथा प्रत्येक वडा कार्यालयमा नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाबाट प्रवाह हुने सेवामा विधुतिय सचूना प्रविधिको अत्याधिक प्रयोग गदै सेवाप्रवाहलाइ सरल, छिटो र छरितो बनाईनेछ ।
- गाउँपालिका भित्र सञ्चालित योजना तथा कार्यक्रमको नियामित अनुगमन तथा मुल्याङ्कन गरिने छ ।

२३ **<u>वित्तीय व्यवस्थापन र सुशासनः</u>**

**<u>अ राजस्व परिचालनः</u>**

- यथासिघ्र गाउँपालिकाको राजश्व सधुार कार्ययोजना तर्जुमा गरिनेछ।
- आम जनतालाइ कर तथा राजश्वको महत्वका बारेमा गाउँपालिका वित्तीय क्षेत्र व्यवसायी कर्मचारीको संयुक्त पहलमा संघ संस्थाहरुको सहकार्यमा जनचेतना विस्तार गरिनेछ ।

**<u>आ बेरुजु फर्छ्यौटः</u>**

- बेरुजु रहित गाउँपालिका वनाउन आवश्यक पहल गरीने छ ।
- समयमै वेरुजु असुल उपर गर्ने व्यक्ति संस्थालाई उचित पुरस्कारको व्यवस्था गरिनेछ ।
- वेरुजु असलुीलाइ कडाईका साथ अवलम्वन गरी बेरुजु रहित गाउँपालिका बनाइने छ ।

**<u>इ सार्वजनिक सुनुवाई</u>**

- गाउँपालिकाबाट प्रवाह हुने सेवाको बारेमा प्रत्येक तिन तीन महिनामा सार्वजनिक सनुवुाइ गरिनेछ ।
- गाउँपालिकाका गतिविधि सम्बन्धमा चौमासिक र वार्षिक वुलेटिन प्रकाशन गरिने छ ।

अन्तमा,

सरकारको बिकासको आधार निर्माण गर्नको लागि प्रस्तुत बजेट, नीति तथा कार्यक्रम तयारी गर्ने क्रममा सल्लाह सुझाव दिइ योगदान गर्नुहुने बिषयगत समिति,, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, स्थानीय तहका जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, सञ्चारकर्मी, विकास साझेदार संघ संस्था र सम्पूर्ण शे फोक्सुण्डोका आम जनता प्रति धन्यबाद ज्ञापन गर्दै अन्तर हृदयबाट आभार र कृतज्ञता प्रकट गर्दछु ।

धन्यवाद !

धावा सम्डुक गुरुङ्ग
अध्यक्ष

थ्रे फोक्सुन्डो गाउँपालिका